## उपयोगी स्रोत-समाग्रीहरू

**End Child Sexual Abuse Foundation**
Hugline: 2889 9933
Website: www.ecsaf.org.hk
Facebook: www.facebook.com/ecsafhk

**Against Child Abuse**
Parent-Child Support Line: 2755 1122
Website: www.aca.org.hk

**RainLily**
RainLily Hotline: 2375 5322
Email Support: safechat@rainlily.org.hk
Website: rainlily.org.hk

**The Family Planning Association of Hong Kong**
Service Hotline: 2572 2222
Website: www.famplan.org.hk

**TWGH CEASE Crisis Centre**
24 Hour Hotline: 18281
Website: ceasecrisis.tungwahcsd.org

**Caritas Family Crisis Support Centre**
24 Hour Crisis Line: 18288
Website: fcsc.caritas.org.hk

**Equal Opportunities Commission**
(for sexual harassment complaint)
Tel: 2511 8211
Website: www.eoc.org.hk

**Social Welfare Department**
Hotline: 2343 2255
Website: www.swd.gov.hk

## तपाईंलाई यसले चोट पुऱ्याउँछ भन्ने थाहा छ ?
## यौन दुर्व्यवहारबाट पीडित भएका व्यक्तिहरूमा निम्न असर पर्न सक्नेछः

### शारीरिक असरः

- कुनै कारण बिना शारीरिक रूपमा अस्वस्थ महसुस गर्ने
- शारिरिक स्पर्शबाट डराउने
- अनिन्द्रा र डरलाग्दा सपनाहरू देख्ने
- वढी खाना खाने र खाएपछि जवर्जस्ती बान्ता गर्ने (बुलिमिया) वा भोक नलाग्ने/खाने इच्छा नहुने (एनोरेक्जिया) रोगबाट पीडित हुने
- मदिरा तथा लागूपदार्थमा निर्भर हुने वा त्यसको लतमा लाग्ने




### मनोवैज्ञानिक असरः

- स्वयं र अन्य व्यक्तिहरूमा विश्वास गुमाउने
- हीनताभाव महसुस गर्ने
- दोषी, रिसाएको र लज्जित महसुस गर्ने
- आत्महत्याको प्रवृति देखाउने
- कुनै कारण विनानै चिन्तित र डराएको महसुस गर्ने
- यौन प्रति घृणा वा डरको महसुसका कारण बैवाहिक समस्याहरू हुने



### व्यवहारात्मक असरः

- यौन प्रति अनौपचारिक (अस्थिर) प्रवृति विकास गर्ने
- असामान्य रूपमा व्यवहार गर्ने वा भावनात्मक बन्ने
- ठूलो भएपछि बाल यौन दुर्व्यवहार गर्ने व्यक्ति बन्ने



# बालबालिकाहरूलाई हानिबाट जोगाउनुहोस्

# यौन दुर्व्यवहारलाई नाई भन्नुहोस्





इन्ड चाइल्ड सेक्सुअल एविउज फाउण्डेशनको समाग्री
टेलिफोन: 288 999 22 फ्याक्स: 288 999 23
इमेल: info@ecsaf.org.hk
वेवसाइट: www.ecsaf.org.hk
फेसबुक: www.facebook.com/ecsafhk

समान अवसर आयोगद्वारा अनुवाद गरिएको
वेवसाइट: www.eoc.org.hk


Nepali Version

## बाल यौन दुर्व्यवहार

बच्चालाई प्रलोभनमा पारेर वा पुरस्कार दिएर बच्चालाई समर्पण गर्न दबाव दिने वा बच्चालाई धम्की, डर वा बलको माध्यमबाट शारीरिक रुपमा दुर्व्यवहार गर्ने जस्ता कुनै पनि यौन क्रियाकलापहरूमा बालबालिकाहरूलाई संलग्न गर्ने कार्य ।


## सम्पर्कद्वारा हुने दुर्व्यवहार

1. जबरजस्ती चुम्बन गर्ने
2. बच्चाको शरीरमा अनावश्यकरूपमा छुने वा संस्पर्श गर्ने
3. बच्चाका स्तन र गोप्य अङ्गमा छुने
4. प्रलोभनमा पारेर, धम्की दिएर, पुरस्कार दिएर वा सताएर जबरजस्ती मुख मैथुन, यौन सम्पर्क गने वा गोप्य अंगमा छुने
5. हिंसात्मक वा जबरजस्ती यौन सम्पर्क, जस्तै बलात्कार

## बिना सम्पर्कद्वारा हुने दुर्व्यवहार

1. बच्चा सँग–सँगै अश्लील सामग्री हेर्ने
2. बच्चासँग टेलिफोनमा अश्लील कुराकानीहरू गर्ने
3. नुहाइरहेको वा कपडा परिवर्तन (फेरिरहेको) गरिरहेको बच्चालाई चियाएर हेर्ने
4. यौनजन्य इच्छा प्रकट गर्ने वा यौन प्रस्तावहरू राख्ने
5. बच्चालाई यौन क्रियाकलापहरू प्रदर्शित गर्ने
6. शरिरका अङ्गहरू बच्चालाई अश्लिलरूपमा देखाउने
7. बच्चाको नांगा फोटोहरू खिच्ने

### आफ्ना गोप्य अंगहरूका बारेमा थाहा पाउनुहोस्




## कसैले आफ्ना गोप्य अङ्गहरूमा हेर्ने वा छुने प्रयास गरेमा बच्चाले तत्कालै गर्नुपर्ने कार्यहरू

1. "नाई" भन्नुहोस् !
2. उक्त स्थान छाड्नुहोस् र अन्यत्र सुरक्षित स्थान वा धेरै मानिसहरूको माझमा जानुहोस्
3. तपाईंले विश्वास गर्ने ठूलो मान्छेसँग कुरा गर्नुहोस्
4. यदि ठूलो मान्छेले तपाईंले भनेको कुराको विश्वास नगरेमा, तपाईंलाई कसैले विश्वास नगर्दासम्म अर्को ठूलो मान्छेसँग कुरा गर्नुहोस् ।
5. यस्तो कुरालाई आफूसँग सिमित नराख्नुहोस् । कसैसँग कुरा गर्नुहोस् जसकारण तपाईंले मद्दत प्राप्त गर्न सक्नुहुन्छ !
6. सम्भव भएसम्म छिटो हगलाइन (Hugline) 288 999 33 मा फोन गर्नुहोस् ।



## बच्चाले आफू माथि यौन दुर्व्यवहार भएको कुरा भनेपछि ठूलो मान्छेले गर्नुपर्ने कार्यहरूः

1. ध्यानपूर्वक सुन्नुहोस् र बच्चा प्रति विश्वास देखाउनुहोस् ।
2. नआत्तिनुहोस् ।
3. बच्चालाई “यो तिम्रो गल्ती होइन” भनेर सान्त्वना दिनुहोस् ।
4. बच्चालाई “मसँग कुरा गर, म यहाँ तिमीलाई मद्दत गर्नको लागि हुँ” भनेर प्रोत्साहन गर्नुहोस् ।
5. बच्चालाई "मैले फेरि त्यस्तो हुनबाट रोक्नेछु" भनी दृढतापूर्वक भन्नुहोस् ।
6. सम्भव भएसम्म छिटो हगलाइन (Hugline) 288 999 33 मा फोन गर्नुहोस् ।
7. विज्ञवाट मद्दत खोज्नुहोस् वा सम्भव भएसम्म छिटो प्रहरीमा रिर्पोट गर्नुहोस् ।



तथ्यांक अनुसार, आधाभन्दा धेरै बाल यौन दुर्व्यवहारका घटनाहरूमा, दुर्व्यवहार गर्ने व्यक्ति पीडितसँग परिचित हुन्छन् ।

## धेरैजसो आम बाल यौन दुर्व्यवहार अपराध हुने स्थलहरू:

- अध्ययन गर्ने स्थान
- पीडितको घर
- नातेदार/ज्येष्ठ पारिवारिक सदस्य/स्याहारकर्ताको घर
- सुनसान स्थान

## आफ्नो बच्चाको सुरक्षा गर्नुहोस्

### तपाईंको बच्चालाई निम्न कुराहरू सिकाउनुहोस् :

- आफ्नो गोप्य अङ्गहरू (पौडी खेल्दा लगाइने पोशाकद्वारा ढाँकिएका शरीरका अङ्गहरू)को बारेमा जानकारी गराउनुहोस्
- कसैले आफ्नो शरीरमा छुने प्रयास गरेमा तुरुन्तै “नाई!” भन्न र उक्त स्थान छाड्न र अन्यत्र सुरक्षित/थप मानिसहरूको माझमा जान, आफूले विश्वास गर्ने ठूलो मान्छेसँग कुरा गर्न भन्नुहोस्

NO

### तपाईंको बच्चालाई निम्न कार्यहरू गर्न नदिनुहोस्:

- अन्य व्यक्तिलाई आफ्नो बच्चाको शरीरमा अनौपचारिकरूपमा (ख्यालठट्टामा) छुने अनुमति दिने काम
- कुनै पनि व्यक्तिसँग एक्लै बस्न दिने कार्य
- आफैं एक्लै सुनसान स्थानहरूमा जान

## आफ्नो बच्चालाई सम्मान गर्नुहोस्

- उनीहरूको गोप्य अङ्गहरूमा जिस्किएर (ख्यालठट्टामा) नछुनुहोस्
- उनीहरूलाई जिस्किएर (ख्यालठट्टामा) नांगै हुन नभन्नुहोस्

इन्ड चाइल्ड सेक्सुअल एविउज फाउण्डेशनले 18 वर्ष भन्दा मुनिका व्यक्तिहरूलाई यौन दुर्व्यवहारबाट जोगाउने लक्ष्य राख्दछ । यदि तपाईंलाई बाल यौन दुर्व्यवहारको बारेमा सोधपूछ गर्नु परेमा, कृपया हाम्रो हगलाइन (Hugline) 288 999 33 मा फोन गर्नुहोस् ।